


धनकुटा नगरपालिका
नगरपालिकाको कार्यालय
धनकुटा
२०७३
कार्यकारी अधिकृत
उप सचिव

# आर्थिक वर्ष २०७४/७५ को बजेट बक्तव्य

धनकुटा नगरपालिका
धनकुटा
२०७४




धनकुटा नगर सभाको प्रथम अधिवेशनमा २०७४ साल भदौ ९ गते शुक्रवार उप प्रमुख शकुन्तला वस्नेतले प्रस्तुत गर्नु भएको

# आर्थिक बर्ष २०७४/७५ को बजेट बक्तव्य

धनकुटा नगरपालिका

२०७४

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा २०७३

कार्यकारी अधिकृत उप सचिव

धनकुटा नगर सभाको अध्यक्ष महोदय,

१. नेपालको संविधान अनुसार स्थानीय तहको निर्वाचनबाट सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले निर्वाचित गरेका धनकुटा नगरपालिका सरकारको यस गरिमामय ऐतिहासिक अधिवेशन समक्ष आर्थिक वर्ष २०७४/७५ का लागि बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा अत्यन्तै गौरवको अनुभूति गरेको छु । आज २०७४ साल भदौ ९ गते हाम्रो लागि एक महत्वपूर्ण ऐतिहासिक दिन वन्नेछ । नेपालीहरुको चाहना र आवश्यक्तालाई आत्मासात् गर्दै नेपालमा न्याय, समानता, स्वाधीनता, स्वतन्त्रता र समृद्धि प्राप्तिका खातिर विभिन्न समयमा सम्पन्न भएका जनप्रिय आन्दोलनहरुमा योगदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक सम्मान् प्रकट गर्दछु ।

२ संवैधानिक रुपमै स्थानीय तहको सरकारको रुपमा प्रस्तुत हुदै गर्दा हामी नेपालको इतिहासमा नयाँ युगमा प्रवेश गरेका छौं । संविधान मार्फत स्थानीय तह राजनैतिक अधिकार सहित संस्थागत गर्न सफल भएका छौं । सबै प्रकारको विभेद र असमानताको अन्त्य गर्दै न्यायपूर्ण सामाजिक समावेशीकरणको मूल्य र मान्यतालाई स्थापित गर्दै सबैलाई समान अधिकार, समान अवसर र समान मर्यादा प्रदान गरेको कुरा यस अधिवेशनको सहभागिताले समेत प्रमाणित गरेको छ । स्थानीय तहको सरकारको रुपमा आगामी दिनमा संविधानको परिकल्पना अनुरुप सामाजिक न्याय र समाजवादको लक्ष्यमा पुग्न यस नगरलाई जीवन्त आर्थिक समृद्धिको केन्द्रको रुपमा स्थापित गर्नु पर्नेछ । अवको हाम्रो एजेण्डा भनेको "धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर" भन्ने मूल मन्त्रलाई आत्मसात् गर्दै यस नगर क्षेत्रलाई नेपालकै एक नमूना, समृद्ध, व्यवस्थित, सुविधा सम्पन्न र सुन्दर शहरको रुपमा स्थापित गर्नु हुनेछ ।

३ संविधानले दिएको अधिकार भित्र धनकुटा नगरपालिकालाई स्थानीय तहको सरकारको रुपमा क्रियाशील बनाउदै आर्थिक समाजिक र पूर्वाधार विकास, सार्वजनिक सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण र शहरी सुशासन व्यवस्थापनका लागि उच्च प्राथमिकता दिदै संविधानको भावना र मर्म अनुरुप स्थानीय तह संचालनका लागि आवश्यक कानूनहरु निर्माण गर्ने र नगरको आर्थिक समृद्धिलाई केन्द्रमा राखी विकास र नगर सुशासनका कार्यक्रमहरु संचालन गरी धनकुटा नगरवासीलाई सेवा र सुविधा सम्पन्न बनाउनुनै हामी सबैको साझा मान्यता र प्रतिवद्धता हो ।

४ आर्थिक वर्ष २०७४/७५ को बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानको भावना र मर्म, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट उपलब्ध गराइएको नमूना स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ र नेपाल सरकार, अर्थ मन्त्रालयबाट जारी गरिएको स्थानीय तहमा बजेट तर्जुमा, कार्यविधिलाई मूल आधार मानिएको छ साथै तत्कालीन स्थानीय निकायको रुपमा रहेको धनकुटा नगरपालिकाको २५ औं नगरपरिषद्बाट स्वीकृत वार्षिक बजेट, नीति तथा कार्यक्रमलाई समेत मार्गदर्शनको रुपमा लिइएको छ ।

५ मैले बजेटमा कार्यक्रमहरु प्रस्ताव गर्दा नेपालको संविधानमा उल्लेख भएका मौलिकहकहरु, राज्यका निर्देशक सिद्धान्तहरु, यस अधिवेसनमा पेश हुने विनियोजन ऐन, आर्थिक ऐनका सिद्धान्तहरु, वडा भेलाका क्रममा आम नगरवासी नागरिकहरुबाट प्राप्त राय, सल्लाह र सुझाव तथा वडा समितिले प्राथमिकीकरण गरेका योजना तथा कार्यक्रमलाई मार्गदर्शनका रुपमा लिइएको छु । वार्षिक बजेट नीति तथा कार्यक्रम तय गर्दा महिला, बालवालिका, आदिवासी जनजाती तथा पिछडिएको वर्ग र क्षेत्र, दलित र अल्पसंख्यकमा लक्षित कार्यक्रमहरु सञ्चालनमा विनियोजित बजेट सहितको कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छु ।

**सोंच**

६ यो नगरपालिकाको दीर्घकालीन सोंच (Vision) "धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर" रहेको छ ।

**लक्ष्य**

७ धनकुटा नगरपालिकामा जिवन्त रहेका धार्मिक साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुलाई संरक्षण र प्रवर्द्धन गर्दै एकीकृत पर्यटन विकास गरिनेछ । धनकुटा नगरलाई शैक्षिक गन्तव्यको रुपमा विकास गर्दै कृषिमा आधुनिकीकरण एवम् साना घरेलु उद्योगलाई सवलीकरण गर्दै सुरक्षित र गतिशील आर्थिक विकास केन्द्रको रुपमा विकास गरिनेछ ।

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा
कार्यकारी अधिकृत
उप सचिव

**उद्देश्य**

८ धनकुटा नगरपालिकाको मूल उद्देश्य नगरवासीहरुका आधारभूत आवश्यकता पुरा गर्दै सामाजिक, आर्थिक र शैक्षिक क्षेत्रमा सवल र सशक्त बनाई नगरमा पूर्वाधार विकास गर्दै यो नगर स्वच्छ सुन्दर समुन्नत र समृद्ध बनाईनेछ ।

**अध्यक्ष महोदय,**

९. अव यिनै सोच, लक्ष्य र उदेश्य अनुरुप धनकुटा नगरपालिका क्षेत्रलाई स्वच्छ सुन्दर समुन्नत र समृद्ध बनाउन देहाय बमोजिमका नीति तथा कार्यक्रमहरु पेश गरेको छु ।

**क) पुर्वाधार विकास :**

१. धनकुटा नगरको एकीकृत शहरी विकास योजना चालु आर्थिक वर्षमा तयार गरिनेछ । यसरी तयार हुने योजना तथा विषयगत गुरु योजनाको सूचकको आधारमा आगामी आर्थिक वर्ष देखि वार्षिक योजना बनाउने नीति अवलम्बन गरिनेछ ।

२. नगरपालिका क्षेत्रमा निर्माणधिन वडा केन्द्र जोडने सडकहरुलाई उच्च प्राथमिकतापूर्वक स्तरोन्नति गरिनेछ । नगर यातायात योजना अनुसारका सडकहरुलाई बाहै महिना सवारी साधन आवत जावत गर्न सक्ने गरी स्तरोन्नति गरिनेछ ।

३. चालु आर्थिक वर्षमा पाँच लाख भन्दा बढी बजेटका पूर्वाधार विकास योजना संचालन गर्दा उपभोक्ता साझेदारी १० प्रतिशत कायम गर्ने र उपभोक्ता समितिको प्रशासनिक खर्च बापतको २ प्रतिशत रकम लागत इष्टिमेटमा खुलाई सम्झौता गरिनेछ । यसरी संचालन गरिने वडास्तरीय योजनाको कन्टिन्जेन्सी बापतको रकम सम्बद्ध वडा क्षेत्रमानै खर्च गर्ने नीति अवलम्बन गरिनेछ ।

४. नगरकै प्रवेशद्धार धनकुटा बसपार्क र हिले बसपार्कलाई ढल निर्माण सहित बसपार्क ढलान गरी व्यवस्थापन गरिनेछ । नगरका खुला क्षेत्रमा सवारी पार्किङ्गको लागि स्थानीय निजी क्षेत्रसंग सहकार्य गरि व्यवस्थापन गरिनेछ ।

५. आगामी दुई वर्ष भित्रमा वडा कार्यालय भवन निर्माण गरी नगरवासीको सेवामा सरल र सहज पहुँच स्थापित गरिनेछ ।

६. धनकुटा नगर क्षेत्रका प्रवेश विन्दुमा निजी क्षेत्रको सहकार्यमा स्वागतद्वार निर्माण गरिनेछ ।

७. बेलहारामा विमानस्थल निर्माणको कार्य अघि बढाउन सम्वन्धित निकायमा विशेष पहल गरिने छ ।

८. योजना संचालन, उपभोक्ता समितिको सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि तयार गरी नगर कार्यपालिकाबाट स्वीकृत गरी लागु गरिनेछ ।

९. वार्षिक योजना स्वीकृतको समयमा योजना पेश गर्न पहुँच नपुगेका क्षेत्र र समुदायका विकासको लागि स्थानीयस्तरबाट पूर्वाधार विकासका लागि अनुरोध भई आएमा माग पेश गर्ने समुदायको सन्दर्भमा आवश्यक अध्ययन र अनुगमन गरी प्राथमिकतामा योजना संचालन गरिने छ जसका लागि एक मुष्ठ रकम विनियोजन गरिएको छ ।

१०. पूर्वाधार विकास योजना संचालन गर्दा योजना कार्यतालिका बनाई स्थलगत रुपमा नियमित अनुगमन गरिने छ जसले गर्दा योजनाको गुणस्तर कायम राख्न एवम् निर्धारित समयमै योजना सम्पन्न गर्न सहजता आउने छ ।

**ख) बस्ती विकास तथा घर नक्सापास :**

११. नगरपालिकाले तोकेको क्षेत्रमा न्यूनतम मापदण्ड पुरा गरे पछि मात्र जग्गा प्लटिङ्ग योजना संचालन गरिनेछ ।

१२. घरनक्सा पास प्रणालीलाई चुस्त र सहज बनाउन निवेदन प्राप्त भएपछि नक्सापास कार्य तालिका निर्धारण गरी समयमै मापदण्ड अनुसार नक्सापास इजाजत दिने व्यवस्था मिलाईनेछ ।

१३. घर नक्सापास इजाजत दिँदा नगरपालिकाको वस्ती विकास भवन तथा योजना मापदण्ड, र सडक यातायात गुरु योजनामा उल्लेखित प्रकृयालाई अवलम्बन गरिनेछ ।

१४. नगरपालिकामा घरनक्सापासको प्रकृया तथा सडक मापदण्डलाई समयानुकुल परिमार्जनका लागि चालु अधिवेसनमा परिमार्जन गर्न बिशेष पहल गरिनेछ ।

१५. नगरपालिकाको इजाजत नलिई घर निर्माण गरी सकेको घरहरुको हकमा सार्वजनिक सूचना जारी गरी कानूनी मापदण्ड पुरा हुने देखिएका भवनहरुको इजाजत पत्र र निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

१६. साविकको भिरगांउ र बेलहारा गा.वि.स. क्षेत्रमा नगरपालिका घोषणा हुनु पुर्व बनेका घरहरुको सूची दर्ता गर्न छुट भएका घरको प्लान सहित कार्यालयले तोकिएको बमोजिम भरिएको फारम सम्बन्धित घर धनिबाट लिई साविकमा तोकिएको दस्तुरको १० प्रतिशत थप जरिवाना लिई आगामी २०७५ साल असार सम्म घर सूचिकृत गराईनेछ ।

ग) **आर्थिक विकास :**

१७. नगर क्षेत्रमा एकीकृत पर्यटन विकास गुरु योजना तयार गरी सम्बद्ध पक्षसंगको सहकार्यमा पर्यटन विकास गरिनेछ ।

१८. पर्यटकीय स्थलहरु चुलिवन, धर्मगंगा, मधुगंगा, बक्रकुण्ड जौटार लगायतका क्षेत्रहरुमा पर्यटन विकासको लागि आवश्यक पूर्वाधार विकास गरिनेछ । चालु आर्थिक बर्षमा चुलिवनमा View Tower निर्माण सम्पन्न गरिनेछ ।

१९. धनकुटा बजारमा शहरी सुन्दरता एवम् पर्यटन विकासको लागि चुवा पार्क तथा शिवपार्क निर्माण गरिनेछ ।

२०. आन्तरिक र बाह्य पर्यटकका लागि उपयुक्त हुने गरी चुलिवन क्षेत्रमा होम स्टे (Home Stay) को व्यवस्थालाई कार्यान्वयनमा ल्याउन अध्ययन गरी सम्बद्ध पक्षको क्षमता विकास एवम् होम स्टे संचालनको लागि स्थानीय समुदायलाई आवश्यक सहयोग गरिनेछ ।

२१. कृषि तथा पशुपालन पेशालाई व्यवसायीकरण गर्न पकेट क्षेत्र घोषणा गरी साझेदारी लगानीमा उत्पादन बृद्धि गर्ने वातावरण सिर्जना गरिनेछ । यसरी घोषणा गरिएका पकेट क्षेत्र कार्यक्रमलाई अन्य वडाहरुमा क्रमस कार्यान्वयनमा ल्याईनेछ

२२. धनकुटा जिल्लाकै अधिक टमाटर उत्पादन हुने क्षेत्रलाई आधारमानी धनकुटा नगर क्षेत्रमा टमाटर प्रसोधनका लागि उपयूक्त प्रविधिमा आधारित उद्योग स्थापना गर्न सम्बद्ध निकायसंग समन्वय गरिनेछ ।

२३. नगर क्षेत्रमा सहकारी संस्थाहरुको क्षमता विकास गरी सहकारीताको माध्यमबाट साना व्यवसाय संचालन भई रोजगारी सिर्जना गरिनेछ ।

घ) **सामाजिक विकास :**

२४. सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिबृद्धिका लागि विद्यालयहरुलाई प्रोत्सहान दिन नमूना विद्यालय छनौट गरी कार्यान्वयनमा ल्याउन बजेट विनियोजन गरिएको छ । यसबाट सामुदायिक एवम् संस्थागत विद्यालयमा शैक्षिक व्यवस्थापनमा सुधार आई नगरपालिकाका क्षेत्रका विद्यालयको शैक्षिक उपलब्धी थप गुणस्तरीय बन्नेछ ।

२५. नगर क्षेत्रका प्राथामिक विद्यालयहरुमा गरिवीको कारणले विद्यालय छाडने दरमा कमी ल्याउन विद्यार्थी निरन्तरताका लागि दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिईने छ साथै खेलकूद सामाग्री वितरणको व्यवस्था मिलाइनेछ ।

२६. धनकुटा नगरको प्रत्येक वडामा कम्तिमा एक एक वटा शहरी स्वास्थ्य केन्द्र रहने गरी बाँकी ५ पाँच वडाहरुमा समेत शहरी स्वास्थ्य केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ । हाल सञ्चालनमा रहेका हेल्थपोष्ट, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य केन्द्र र शहरी स्वास्थ्य केन्द्रलाई नियमित संचालन व्यवस्थापन गरिनेछ ।

२७. धनकुटा नगरपालिका वार्ड नं. २ को शहरी स्वास्थ्य क्लिनिकबाट Tele-Medicine सेवा, जेनेभा युनिभर्सिटी हस्पिटलको वित्तिय तथा प्राविधिक सहयोगमा वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र जिल्ला स्वास्थ्य कार्यालयको सहकार्यलाइ निरन्तरता दिईनेछ ।

२८. **आजका बालक - भोलिका युवा, भोलीका युवा - भविस्यका ज्येष्ठ नागरिक** भन्ने कुरालाई आत्सात गर्दै नगर क्षेत्रको सवै प्रकारका विकास तथा सेवा प्रवाहलाई ज्येष्ठ नागरिकमैत्री बनाईनेछ । ज्येष्ठ नागरिकको सम्मानका लागि जीवन यापनमा सहजता ल्याउन, ज्येष्ठ नागरिक बीच अनुभव आदन प्रदान एवम् पारिवारिक सचेतना कार्यक्रम, वडा तथा नगरस्तरमा ज्येष्ठ नागरिक कार्यक्रम संचालन गरिनेछ ।

२९. लक्षित समूह कार्यक्रमअन्तर्गत महिला विरुद्धको लैङ्गिक तथा घरेलु हिंसा, महिला हकहित संरक्षण तथा सीप विकास कार्यक्रम, मनोसामाजिक विमर्श कार्यक्रम, गृहिणी महिलाको लागि वातावरण मैत्रि सचेतना कार्यक्रम जस्ता विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३०. महिला, दलित, आदीवासी जनजाती युवायुवतिहरुलाई क्षमता विकासका लागि लोकसेवा तयारी कक्षाहरु संचालन गरिनेछ ।

३१. नगर क्षेत्र भित्र गरिबी न्यूनिकरणका लागि विपन्न बस्तीहरुको पार्श्वचित्र (गरिबी प्रोफाईल) र रणनीतिका आधारमा आधारभूत पूर्वाधारको विकास, सीप विकास र लक्षित कार्यक्रमहरुको संचालनमा जोड दिईनेछ ।

३२. नगर क्षेत्रका आठपहरिया, दलित तथा विपन्न समुदायका अति गरिब परिवारको पहिचान गरी खरको छानाको सट्टा जस्ताको छाना निर्माणका लागि आवास सहुलियत साझेदारी कार्यक्रम संचालन गरी गरिब समुदायलाई आत्म सम्मान् हुने वातावरण सिर्जना गरिनेछ ।

३३. नगर क्षेत्रका विभिन्न जातिय भेषाभुषा तथा बाजागाजा संरक्षण र विकासको लागि हरेक बर्ष नगरपालिकाको साझेदारीमा सम्बद्ध संस्थाहरुको सहकार्यमा नगरस्तरीय प्रतियोगितात्मक साँस्कृतिक प्रदर्शनीको आयोजना गरिनेछ ।

ङ) **संस्थागत तथा क्षमता विकास**

३४. स्थानीय सरकार जनताको घरदैलोको सरकार भएकाले निर्वाचित जनप्रतिनिधिले पदभार ग्रहण गरेको तीन महिना भित्र सवै वडामा वडा कार्यालय स्थापना गर्ने प्रतिवद्धता गरे अनुसार नगरपालिकाको १० वटा वडाहरु मध्ये ८ वटा वडाहरुमा वडा कार्यालयहरु स्थापना गरी वडातहबाट सेवा प्रवाह भई सकेको हुँदा बाँकी रहेका २ वडाहरुमा समेत यही हप्ता भित्र वडा कार्यालयहरु स्थापना गरी सेवा व्यवस्थापन गरिनेछ ।

३५. स्थानीय सेवा संचालन व्यवस्थापन सम्बन्धी आदेश, २०७४ र स्थानीय तहमा कर्मचारी व्यवस्थापन सम्बन्धी आदेश, २०७४ बमोजिम नगर कार्यापालिकामा खटिने कर्मचारीहरुलाई कामको अनुभव, सीप र दक्षताको आधारमा जिम्मेवारी प्रदान गरी सेवा व्यवस्थापन गरिनेछ ।

३६. जनप्रतिनिधिहरुको क्षमता विकास एवम् अनुभव आदन प्रदानको लागि अन्तर नगरपालिका भ्रमण गरी शहरी सुशासन तथा विकास लागि आवश्यक ज्ञान र सीपको विकास गरिनेछ ।

३७. नगरपालिकामा रहेका कर्मचारीहरुलाई आवश्यक तालिम प्रशिक्षणको माध्यमबाट, मानव संसाधन विकास एवं क्षमता अभिवृद्धि गरी नागरिक प्रति सेवामुखी एवम् जवाफदेही बनाउँदै लगिने छ ।

३८. हरेक बर्ष नगर कार्यापालिकाबाट करदाता, कर्मचारी, संचारकर्मी लगायतका क्षेत्रमा विशेष योगदान दिने व्यक्तिहरुलाई पुरस्कृत तथा सम्मान गरिने छ ।

च) शहरी सुशासन एवम् सेवा प्रवाह

३९. स्थानीय तहलाई प्राप्त न्यायिक अधिकारलाई संस्थागत गर्न न्यायिक समिति गठन गरी न्यायिक समितिको कामलाई व्यवस्थीत गर्न आवश्यक विज्ञ सेवाको लागि सम्बद्ध पक्षसंग समन्वय गरिनेछ । न्यायिक समितिबाट सम्पादन गरिने कार्यहरुलाई वडास्तरबाट सहजीकरण गर्न वडास्तरका मेलमिलाप केन्द्र संचालन गरिनेछ । मेलमिलाप केन्द्र संचालनको लागि नगर क्षेत्रमा मौजुदा मेलमिलाकर्ताहरुलाई अद्यावधिक गरी हरेक वडामा थप मेलमिलापकर्ता तयार गरी न्यायिक सेवाको कार्य सम्पादन प्रणालीलाई चुस्त र प्रभावकारी बनाईनेछ ।

४०. सामाजिक परिचालनको आधारस्तम्भ टोलवस्ती संगठनहरुलाई वडास्तरमा समन्वय गरी टोलका पदाधिकारीहरुको क्षमता विकास गरी टोलवस्ती संगठनहरुको संस्थागत विकास गर्दै नगरको विकास निर्माण एवम् सुशासन प्रबर्द्धनमा टोलवस्तीहरुको सहभागिता र भूमिकालाई प्रभावकारी बनाईने छ ।

४१. **शहरी सुशासनका लागि नागरिक अनुसासन** भन्ने मर्मलाई आत्मसात गर्दै सुरक्षा निकाय, नगर प्रहरी, टोलवस्ती संगठनहरु, स्थानीय सरोकारवाला संघसंस्थाहरु समन्वय र सहकार्य गरी सडक क्षेत्रमा राखिने निर्माण सामाग्री तथा पसल व्यवसाय हटाउने, छाडापशु नियन्त्रण, फोहोरमैला व्यवस्थापन लगायतका कार्यहरुलाई नियमित रुपमा संचालन गरिनेछ जसका लागि नागरिकको कर्तव्य र जिम्मेवारीको सम्बन्धमा विभिन्न जनचेतनामुलक एवम् सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

४२. नगरपालिकाको गरिमामय अभियानहरु प्लाष्टिक झोलामुक्त अभियान, खुला दिशामुक्त अभियान र पूर्ण खोप युक्त अभियानलाई थप प्रभावकारी र पूर्ण रुपमा नियमन गर्न वडास्तरीय अनुगमन समितिलाई अद्यावधिक गराई नियमित अनुगमन गरिनेछ ।

४३. नगरपालिकाको विविध गतिविधिहरुको सबै नगरवासीहरुमा जानकारी गराई सुशासन अभिवृद्धि गर्न नगरपालिकाबाट तयार गरिएको शहरी सुशासन सम्बन्धी कार्यविधिहरु जानकारीको लागि नगर बुलेटिन प्रकासन गरिने छ ।

४४. सडकबत्ति फिपटी फिपटी कार्यक्रम अनुसार नगर क्षेत्रमा सडकबत्ति व्यवस्थापनको लागि टोलवस्ती संगठनहरुको साझेदारीमा संचालन गरिएको सेवालाई उच्च प्राथमिकता दिदै साझेदारी प्रकृया अनुसार तोकिएको समयमा सम्झौता गर्न नआउने टोल क्षेत्रका सडकबत्ति सेवा कटौती गरिनेछ ।

४५. आर्थिक वर्षको अन्त्यमा आएर आयोजना स्वीकृत गरी कार्यान्वयन गर्ने प्रथाको अन्त्य गरिनेछ । आर्थिक वर्ष २०७४।७५ मा चैत्र महिना भित्र स्वीकृत आयोजनाहरुको सम्झौता गरी सक्ने र जेष्ठ महिना भरिमा अन्तिम फरफराक लिई सक्नु पर्नेछ ।

४६. नगरवासीको स्वास्थ्यलाई ध्यानमा राखी चुरोट, खैनी, वियर जस्ता सुर्ती र मदिराजन्य सामग्रीको बिक्रीका लागि निश्चित स्थान तोकिनेछ ।

४७. आम नगरवासीको सूचनाको हकलाई उच्च प्राथमिकता दिदै नगरपालिका क्षेत्रमा संचालन गरिने विकास तथा सुशासनका गतिविधिलाई नियमित रुपमा नगरवासी समक्ष पुऱ्याउन एवम् समग्र नगर विकास प्रकृयामा आवश्यक सल्लाह सुझाव र प्रतिक्रिया प्राप्त गर्न सबैको पहुँच पुगोस भन्ने अभिप्रायले स्थानीय एफ. एम. स्टेशनहरुसंग सहकार्य गरी **धनकुटा नगर आवाज** रेडियो कार्यक्रम नियमित प्रशारणको व्यवस्था मिलाईनेछ ।

४८. नगरपालिकाको क्रियाकलापलाई पारदर्शी, जवाफदेही र मितव्ययी बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, खर्च सार्वजनिकीकरण जस्ता विधि र प्रक्रिया लाई निरन्तरता दिईनेछ ।

४९. धनकुटा नगरपालिका साझेदारी विकास कोषबाट लगानी गरी भाखा नाघेका उद्यमी/व्यवसायी ऋणीहरुबाट साँवा व्याज असुली कार्यलाई प्रभावकारी बनाउन २०७४ साल श्रावण १ गते देखि लागु हुने गरी २०७५ साल आषाढ मसान्तसम्मको लागि साँवा व्याज एकमुष्ट तिरेमा व्याज रकममा पचास प्रतिशत छुट दिईने छ ।

५०. सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई पारदर्शी बनाउन सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण सार्वजनिक गर्ने र अध्यावधिक गर्ने व्यवस्था प्रभावकारी रुपमा लागु गरी वडास्तरमै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रकृयाको लागि विशेष पहल गरिनेछ ।

छ) **नगर सुरक्षा र आकस्मिक सेवा :**

५१. धनकुटा नगरपालिका भित्रका नेपाल सरकारको सुरक्षा निकायहरुसँग नगरपालिकाको तर्फबाट समन्वयात्मक कार्य गरी नगर क्षेत्रको शान्ति सुव्यवस्थालाई प्रभावकारी बनाइने नीति लिइनेछ ।

५२. नगरपालिका भित्र नगर कानूनको प्रभावकारी अनुगमनका लागि नगरप्रहरीको व्यवस्था लाई थप जनशक्तिको व्यवस्था गरी कार्य क्षेत्र विस्तार गरिनेछ ।

५३. धनकुटा भित्र सुरुवात गरिएको सिसिटिभि क्यामेरालाई स्थानीय संघसंस्था र समुदायको सहकार्यमा थप स्थानहरुमा विस्तार गरी आम नगरवासीमा थप सुरक्षाको अनुभूति दिलाउन यस क्षेत्रमा थप लगानी गर्ने नीति लिइनेछ ।

५४. दमकल सेवा संचालनको लागि कार्यविधि बनाई दक्ष जनशक्तिको व्यवस्था मिलाई आवश्यक तालिम, सीप र क्षमताको विकास गरी सेवा संचालनलाई प्रभावकारी बनाइनेछ ।

ज) **खेलकूद विकास :**

५५. खेलकूद विकास गतिविधिलाई स्थानीयस्तरसम्म स्थापित गर्न नगर क्षेत्रका सबै खेलकर्मीहरुलाई नगरको विकास प्रति एकाकार रहन एवम् खेलप्रेमीहरुको सम्मानका लागि **धनकुटा नगर कप प्रतियोगिता** वार्षिक रुपमा संचालन गरिनेछ ।

५६. धनकुटा क्षेत्रलाई खेलकूद केन्द्रको रुपमा विकास गर्न धनकुटा टुँडिखेललाई थप आधुनिक सुविधा सम्पन्न बनाउन सम्बद्ध क्षेत्र संग समन्वय र सहकार्य गरी आवश्यक पूर्वाधार विकास गरिनेछ । नगर क्षेत्रमा रहेका विभिन्न खेल मैदानहरुलाई नगरपालिकाले थप लगानी गरी स्तरोन्नति गर्ने गरिनेछ ।

५७. एक वडा एक खेलमैदानलाई कार्यान्वयन गर्न हरेक वडामा रहेका सार्वजनिक पर्ति जग्गाहरुमा कम क्षेत्रफलमा खेल्न मिल्ने खालका खेलहरु खेल्न र खेलाउन सक्ने गरी त्यस्ता क्षेत्रहरुको पहिचान गर्दै विकास गर्न नगरपालिकाबाट स्थानीय क्लब तथा खेलकुद सम्बद्ध संस्थाहरुसंग साझेदारी गर्दै लगिनेछ ।

५८. नगरवासीहरुको बजार केन्द्रसंग सहज पहुंच स्थापित गर्न नगर बस संचालनका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । नगरमा एम्बुलेन्स र शववाहनको व्यवस्थापनका लागि दाता तथा दातृ निकायसंग समन्वय गरिनेछ ।

५९. धनकुटा नगरपालिका क्षेत्रमा प्रदेश नं. १ को प्रादेशिक राजधानी निर्माण गर्न आवश्यक पूर्वाधार विकासका लागि जोड दिइनेछ । प्रादेशिक राजधानी बनाउन सम्बद्ध पक्षसंग समन्वयको लागि विशेष पहल गरिनेछ ।

६०. स्वदेशी विदेशी स्थित विभिन्न नगरपालिकाहरुसँग भगिनी सम्बन्ध (Sister City Relation) स्थापित गरिनेछ ।

झ) **वित्तीय व्यवस्थापन र सुशासन :**

६१. स्थानीय सरकारको मेरुदण्ड भनेकै नगरपालिकाको आन्तरिक आय भएकाले संबैधानिक रुपमा प्राप्त भएको राजश्व परिचालनको अधिकारलाई आत्मसात् गर्दै आन्तरिक आयमा सुधार ल्याउन बहालकर, विटौरी करलाई संस्थागत गर्न तथ्याङ्क संकलन सहितको बिस्तृत अध्ययन गरिनेछ ।

६२. व्यवसाय कर स्थलगत रुपमा संकलन गरी बक्यौता असुली प्रकृयालाई जोड दिइनेछ । राजश्व परिचालनको क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई विशेष प्रोत्सहान कार्यक्रम ल्याईने छ ।

६३. नगरपालिकालाई संविधानत प्राप्त भएको राजश्व संकलनका समग्र क्षेत्रलाई समेटेर राजश्व संभाव्यता सम्बन्धी बृहत अध्ययन अनुसन्धान प्रतिवेदन तयार गरी आयका क्षेत्रहरु पहिचान गरिनेछ ।

६४. राजश्व संकलन प्रकृयालाई वडातहमा संस्थागत गर्न चालु आर्थिक बर्ष भित्र सफ्टवेयर मार्फत रकम लिने प्रणालीलाई स्थापित गरी छिटो र चुस्त रुपमा सेवा प्रवाह गरिनेछ ।

६५. सेवाग्राहीलाई सेवा प्रवाह गर्नु अघि धनकुटा नगरपालिकाको आर्थिक ऐन, २०७४ मा तोकिएको कर, दस्तुर र सेवाशुल्क लिएर मात्र सेवा प्रवाह गरिनेछ । सेवा प्रवाहसंग सम्बद्ध रकम नुबुझाई सेवा दिएमा वा शुल्क दस्तुर छुट दिएमा सेवा प्रवाह गर्ने व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**ञ. खानेपानी , वातावरण तथा सरसफाई :**

६६. नगरको खानेपानी सेवामा कमी भएका क्षेत्रहरु हिले र वेलहारामा खानेपानीको बैकल्पिक व्यवस्थाका लागि डिप बोरिङ प्रणालीलाई आवश्यक अध्ययन अनुसन्धान गरी योजना कार्यान्वयनमा विशेष पहल गरिनेछ ।

६७. धनकुटा नगरपालिका वडा नं. ८ को खानेपानी वितरण प्रणालीमा स्थानीय समुदायको माग र आवश्यक्तालाई ध्यानमा राखी आवश्यक सुधारका लागि सम्बद्ध पक्षसंग समन्वय गरी खानेपानी सेवा उपलब्ध हुने व्यवस्था मिलाईने छ ।

६८. "धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर" सोचलाई पुरा गर्ने सन्दर्भमा नगर क्षेत्रमा संचालित फोहोरमैला व्यवस्थापन क्षेत्रमा धनकुटा नगरपालिका नेपालमै उत्कृष्ट भई सफा शहर घोषणा भएकाले सफा शहरलाई सदैव कायम राख्न टोल तथा वडास्तरमा सरसफाई कार्यक्रमलाई संस्थागत गरी सफा नगर घोषणा अभियानको लागि चालु आर्थिक बर्षमा OBA कार्यक्रमलाई स्थानीयकरण गरी थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।

६९. फोहोरमैला व्यवस्थापनमा भएको लगानीलाई न्यूनिकरण गरी कम लागतमा थप प्रभावकारी रुपमा फोहोरमैला व्यवस्थापन गर्न धनकुटा नगरपालिकाको फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्र परिचालनका लागि अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार गरिनेछ ।

७०. फोहोरमैला व्यवस्थापन केन्द्र प्रभावित क्षेत्रका बासिन्दाहरुलाई सहभागिता गराई विभिन्न कार्यक्रमहरु संचालन गर्ने एवम् नेपालका अन्य शहरहरुमा अध्ययन अवलोकन भ्रमण गराई फोहोरमैला केन्द्र व्यवस्थापन सम्बन्धी समुदायस्तरको भूमिकालाई थप संस्थागत बनाईनेछ ।

७१. नगर क्षेत्रका सरकारी कार्यालय, विद्यालय तथा संघसंस्थाका कार्यालयहरुलाई वातावारणमैत्री बनाउन सहजीकरण र समन्वय गरी वातावरणीय रुपमा कार्यालय परिसर व्यवस्थापन गरिनेछ ।

**अध्यक्ष महोदय,**

**अब म बजेटको विवरण प्रस्तुत गर्दछु ।**

धनकुटा नगरपालिकाको विगत आर्थिक बर्ष २०७२।७३ मा कुल बजेट १६ करोड ८२ लाख २० हजार थियो गत आर्थिक बर्ष २०७३/७४ को कुल बजेट १७ करोड २० लाख ७३ हजार रहेको थियो जसमा अघिल्लो आर्थिक बर्षको तुलनामा २.२९ प्रतिसतले बजेट बृद्धि भएको थियो । विगत आर्थिक वर्ष २०७२/७३ मा बर्षमा व्यय तर्फ चालु खर्च ४ करोड ६६ लाख ८४ हजार र पूँजिगत खर्च १२ करोड १५ लाख ३६ हजार र गत आर्थिक बर्ष २०७३/७४ को चालु खर्च ७ करोड ७३ लाख २२ हजार र पूँजिगत खर्च ९ करोड ४७ लाख ५१ हजार रहेको थियो ।

यसै गरी आय तर्फ आर्थिक बर्ष २०७२/७३ को यथार्थ आन्तरिक आय १ करोड ८५ लाख ९७ हजार थियो भने गत आर्थिक बर्ष २०७३/७४ को यथार्थ आन्तरिक आय २ करोड ७ लाख ६३ हजार थियो ।

**चालु आर्थिक बर्षको लागि प्रस्ताव गरिएको आय-व्यय प्रस्तुत गर्दछु ।**

धनकुटा नगरपालिकाको चालु आर्थिक बर्ष २०७४/७५ को लागि कुल ४६ करोड १० लाख ४७ हजार विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु तर्फ २४ करोड ८० लाख ४५ हजार र पूँजिगत तर्फ २१ करोड ३० लाख २ हजार रहेको छ । कुल बजेटको चालु तर्फ ५३.८ प्रतिशत र पूँजिगत तर्फ ४६.२ प्रतिशत रहेको छ । चालु खर्चमा नेपाल सरकारबाट वित्तिय समानीकरणको लागि सशर्त अनुदान ( शिक्षा, स्वास्थ्य र आयुर्वेद) तर्फको १४ करोड ८९ लाख र सामाजिक सुरक्षातर्फको ५ करोड समेत समावेश गरिएको छ । यसरी हेर्दा धनकुटा नगर कार्यपालिकाको कार्यालय तर्फको चालु खर्च ९ करोड ९१ लाख ४५ हजार रहेको छ जुन कुल चालु खर्चको ३९.९७ प्रतिशत र कुल बजेटको २१. ५ प्रतिशत हुन आउँछ ।

धनकुटा नगरपालिकाको कुल आन्तरिक आय तर्फ २ करोड २६ लाख ४७ हजार प्रस्ताव गरिएको छ । नगरपालिकाको कुल बजेटमा आन्तरिक आयको हिस्सा ४.९१ प्रतिशत मात्र रहेको छ ।

**मुख्य मुख्य आयोजना तथा क्रियाकलापहरु :**

नगरका ग्रामिण भेगमा रहेका साविकका भिरगाउँ र वेलहारा क्षेत्रको वडा नं. २ र ९ को सेवा केन्द्र जोडने प्रमुख सडकहरु तथा अन्य वडाका वडा केन्द्र जोडने गरी सडक र ढल निर्माण गर्न नगरस्तीय २० र वडास्तरीय १०९ गरी जम्मा १२९ वटा पूर्वाधार योजनाहरुमा कुल लागत १० करोड २७ लाख ६ हजार बराबर बजेट बिनियोजन गरिएको छ जुन कुल पूँजिगत बजेटको ४८.२२ प्रतिशत हुन आउँछ ।

**आर्थिक विकास तर्फ** कृषि तथा पशु विकास, उद्योग र पर्यटन विकासमा जम्मा ४६ वटा विभिन्न योजनाहरुमा ३ करोड ६१ लाख ९० हजार बजेट विनियोजन गरिएको छ जुन कुल पूँजिगत बजेटको १६.९९ प्रतिशत हुन आँउछ । आर्थिक विकास अन्तरगत व्यवसायिक कृषि तथा पशुपालन, पकेट क्षेत्र घोषणा, प्रविधि हस्तान्तरण, कृषि सहकारी भवन निर्माण एवम विभिन्न सिंचाई आयोजना संचालनको लागि कुल ७५ लाख ५० हजार, उद्योग तर्फ आय आर्जन तथा सिपमुलक तालिमहरुको लागि ८ लाख ६५ हजार, पर्यटन विकासका लागि हिले तथा धनकुटा बसपार्क सुधार, चुलिवनमा View Tower, चुवाको बोटमा पार्क, विच बजारमा शिवपार्क, जौटार पर्यटन मार्ग, नगर क्षेत्रका विभिन्न पार्क तथा फूलवारी निर्माण लगायतका पर्यटन विकासको लागि २ करोड ७७ लाख ७५ हजार बजेट विनियोजन गरिएको छ । यस बर्ष कुल पूँजिगत खर्चको १३.०३ प्रतिशत बजेट पर्यटन विकासको लागि विनियोजन गरिएको छ ।

**सामाजिक विकासतर्फ** जम्मा १४३ वटा योजनाहरुमा २ करोड ७८ लाख १० हजार बजेट विनियोजन गरिएको छ जुन कुल पूँजिगत खर्चको १३.६ प्रतिशत हुन आउँछ । सामाजिक विकास अन्तरगत शिक्षा तर्फ विद्यालय सुधार योजना तथा बालबालिका विकासको लागि जम्मा २८ लाख ७० हजार, निशुल्क स्वास्थ्य शिविर तथा विभिन्न सचेतनामुलक कार्यक्रमको लागि ४ लाख, विभिन्न ३२ वटा ठुला तथा सानातिना खानेपानी आयोजना संचालन र मर्मत सम्भारको लागि १ करोड ५८ लागि ७५ हजार, लैङ्गिक समता र सामाजिक समावेसीकरणको लागि महिला, दलित, आदिवासी जनजाति एवम् ज्येष्ठ नागरिकहरुको क्षमता विकासको लागि ३६ लाख ३५ हजार बजेट बिनियोजन गरिएको छ ।

**संस्थागत विकास तर्फ** विभिन्न महिला, दलित, आदिवासी जनजाति एवम् ज्येष्ठ नागरिकहरुको पूर्वाधार विकास एवम् नगरपालिकाका अन्य संस्थागत योजनाहरु जम्मा ९६ वटा विकास योजना तथा कार्यक्रमहरुको लागि ३ करोड ९० लाख ३१ हजार विनियोजन गरिएको छ जुन कुल पूँजिगत खर्चको १८.३२ प्रतिशत हुन आउँछ । संस्थागत विकास अन्तरगत खेलकूद विकासको लागि २९ वटा योजनाहरुमा जम्मा ७४ लाख ७५ हजार बजेट विनियोजन गरिएको छ । त्यसै गरी सेवा प्रवाहमा ११ वटा योजनाहरुमा ८८ लाख २२ हजार बजेट विनियोजन गरिएको छ ।

वित्तिय व्यवस्थापन र सुशासन तर्फ जम्मा ५ वटा योजनाहरुमा १६ लाख बजेट विनियोजन गरिएको छ । जसमा नगरपालिकामा राजश्व परिचालनको संभव्यता अध्ययन, विभिन्न कर संकलनको लागि सूचना तथ्याङ्क संकलन एवम व्यवस्थापन कार्यक्रमहरु समावेश गरिएका छन् ।

वातावरण व्यवस्थापन तथा विपद् व्यवस्थापन तर्फ कुल २३ वटा योजनाहरुमा ५६ लाख ६५ हजार बजेट विनियोजन गरिएको छ जुन कुल पूजिगत बजेटको २.७ प्रतिसत हुन आउँछ । फोहोरमैला व्यवस्थापन एवम् संचालनको लागि वातावरण शिर्षक थप कार्यक्रमहरु प्रतिफलमा आधारित कार्यक्रमबाट संचालन गर्ने गरी प्रस्ताव गरिएको छ ।

**अध्यक्ष महोदय,**

१. धनकुटा नगरपालिकाको २५ औं नगरपरिषद्सम्म नगरपालिकाको सञ्चालन र व्यवस्थापनका लागि भएका निर्णयहरु, विनियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, सहिंता, संगठन संरचना तथा दरवन्दीमा समेत थप परिमार्जन वा संशोधन वा सुधार वा खारेजी नभएसम्मका लागि सोही बमोजिम कार्यान्वयनमा लैजाने प्रस्ताव स्वीकृतिका लागि पेश गरेको छु ।

२. आर्थिक वर्ष २०७४/७५ को नीति, बजेट तथा कार्यक्रमको अभिन्न अंगको रुपमा रहेको आय व्ययको विवरण, राजस्व तथा अनुदान प्राप्तिको अनुमान, व्यय अनुमान, वित्तीय व्यवस्था अनुमान, कार्यक्षेत्रगत व्यय अनुमान, वार्षिक विकास कार्यक्रम, सशर्त अनुदानको कार्यक्रम, वार्षिक कार्यक्रम कार्यान्वयन योजनालाई अनुसूचीमा राखी पेश गरेको छु ।

३ अन्त्यमा यो नीति, बजेट तथा कार्यक्रमको तर्जुमा गर्दा मार्ग निर्देशन गर्नुहुने नगर प्रमुख चिन्तन तामाङ, कार्यकारी अधिकृत द्वय तीर्थप्रसाद धिताल तथा पर्व प्रसाद सापकोटा सम्पूर्ण वडा अध्यक्ष, नगर कार्यपालिकाका सदस्य, नगर सभाका सदस्यहरु र नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु प्रति आभार प्रकट गर्दै सफल कार्यान्वयनमा सबैको पूर्ण सहयोग पाउने विश्वास गर्दछु ।

## धन्यवाद्

**शकुन्तला बस्नेत**
उप प्रमुख तथा संयोजक एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा समिति
धनकुटा नगर कार्यपालिका
धनकुटा, धनकुटा, १ नं. प्रदेश, नेपाल

मिति : २०७४ साल भदौ ९ गते
समय : दिनको १.०० बजे
स्थान : नगर कार्यपालिकाको कार्यालय सभा हल
बैठक : धनकुटा नगर सभाको प्रथम अधिवेसनको पहिलो बैठक
अध्यक्षता : श्री चिन्तन तामाङ, प्रमुख दस्तखत

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा २०७३

कार्यकारी अधिकृत उप सचिव

**उपस्थिति विवरण**

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | उपप्रमुख | श्री शकुन्तला बस्नेत | दस्तखत |
| २ | वडाध्यक्ष | श्री निरेन तामाङ्ग | दस्तखत |
| ३ | वडाध्यक्ष | श्री चन्द्रलाल तामाङ्ग | दस्तखत |
| ४ | वडाध्यक्ष | श्री विकास घिमिरे | दस्तखत |
| ५ | वडाध्यक्ष | श्री जम्सेर राई | दस्तखत |
| ६ | वडाध्यक्ष | श्री धनकुमार राई आठपहरिया | दस्तखत |
| ७ | वडाध्यक्ष | श्री नरेश श्रेष्ठ | दस्तखत |
| ८ | वडाध्यक्ष | श्री जंगबहादुर राई | दस्तखत |
| ९ | वडाध्यक्ष | श्री सुमन राई | दस्तखत |
| १० | वडाध्यक्ष | श्री मनोज राय | दस्तखत |
| ११ | वडाध्यक्ष | श्री कमल बहादुर कार्की | दस्तखत |
| १२ | कार्यपालिका सदस्य | श्री जहानश्वरी राई | दस्तखत |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना राई | दस्तखत |
| १४ | कार्यपालिका सदस्य | श्री रमा बराल | दस्तखत |
| १५ | कार्यपालिका सदस्य | श्री सुलोचना बसेल | दस्तखत |
| १६ | कार्यपालिका सदस्य | श्री कल्पना थापा | दस्तखत |
| १७ | कार्यपालिका सदस्य | श्री मदन बसेल | दस्तखत |
| १८ | कार्यपालिका सदस्य | श्री सूर्य राई | दस्तखत |
| १९ | कार्यपालिका सदस्य | श्री सर्मिता राई | दस्तखत |
| २० | वडा सदस्य | श्री फूलमाया विश्वकर्मा | दस्तखत |
| २१ | वडा सदस्य | श्री लालचन्द्र तामाङ्ग | दस्तखत |
| २२ | वडा सदस्य | श्री द्रौपदा शिवा दर्जी | दस्तखत |
| २३ | वडा सदस्य | श्री टीकाराम मगर | दस्तखत |
| २४ | वडा सदस्य | श्री सन बहादुर राई | दस्तखत |
| २५ | वडा सदस्य | श्री बुद्धमाया लिम्बु | अनुपस्थित |
| २६ | वडा सदस्य | श्री बाबुराम मिश्र | दस्तखत |
| २७ | वडा सदस्य | श्री मेख बहादुर राई | दस्तखत |
| २८ | वडा सदस्य | श्री दुर्गा निरौला अधिकारी | दस्तखत |
| २९ | वडा सदस्य | श्री तुलसा विश्वकर्मा | दस्तखत |
| ३० | वडा सदस्य | श्री होमप्रसाद अधिकारी | दस्तखत |
| ३१ | वडा सदस्य | श्री वीर बहादुर तामाङ्ग | दस्तखत |
| ३२ | वडा सदस्य | श्री सीता श्रेष्ठ | दस्तखत |
| ३३ | वडा सदस्य | श्री अम्बिका परियार नेपाली | दस्तखत |
| ३४ | वडा सदस्य | श्री रोशन श्रेष्ठ | दस्तखत |
| ३५ | वडा सदस्य | श्री गोविन्द राई | दस्तखत |
| ३६ | वडा सदस्य | श्री हिरादेवी राई | दस्तखत |
| ३७ | वडा सदस्य | श्री मुना सार्की | दस्तखत |
| ३८ | वडा सदस्य | श्री मिलन कुमार खडगी | दस्तखत |

| | | | |
|---|---|---|---|
| ३९ | वडा सदस्य | श्री बेणुबहादुर वस्नेत | दस्तखत |
| ४० | वडा सदस्य | श्री चन्द्रकुमारी राई | दस्तखत |
| ४१ | वडा सदस्य | श्री शान्त रसाईली | दस्तखत |
| ४२ | वडा सदस्य | श्री सन्देश राई | दस्तखत |
| ४३ | वडा सदस्य | श्री रामकुमार डंगोल | दस्तखत |
| ४४ | वडा सदस्य | श्री पूर्णश्वरी राई | दस्तखत |
| ४५ | वडा सदस्य | श्री विश्वलाल राई आठपहरिया | दस्तखत |
| ४६ | वडा सदस्य | श्री सुमित्रा राई | दस्तखत |
| ४७ | वडा सदस्य | श्री शान्ति शिवा दर्जी | दस्तखत |
| ४८ | वडा सदस्य | श्री सन्तोषकुमार मगर | दस्तखत |
| ४९ | वडा सदस्य | श्री पूर्ण बहादुर प्रधान | दस्तखत |
| ५० | वडा सदस्य | श्री सुनिता वि.क. | दस्तखत |
| ५१ | वडा सदस्य | श्री चन्द्रबहादुर मगर | दस्तखत |
| ५२ | वडा सदस्य | श्री कुलबहादुर राई | दस्तखत |

**निर्णय नं. १**

धनकुटा नगर कार्यपालिकाको मिति २०७४।५।०५ को बैठकबाट गरिएका सम्पूर्ण निर्णयहरु अनुमोदन गरी सोही बैठकको निर्णयानुसार उपप्रमुख शकुन्तला बस्नेतबाट चालु अधिवेसनमा प्रस्तुत धनकुटा नगरपालिकाको आर्थिक बर्ष २०७४/७५ को बजेट नीति तथा कार्यक्रम एवम् बार्षिक बजेटसंग सम्बन्धित विनियोजन विधेयक, २०७४ र आर्थिक विधेयक, २०७४ को प्रस्ताव उपर छलफल गरी सर्वसम्मतिले स्वीकृत गरियो ।

**निर्णय नं. २**

अधिवेसनमा निर्णयार्थ प्रस्तुत भएका निम्नानुसारका विशेष महत्वका प्रस्तावहरुलाई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**तपशिल :**

क. धनकुटा नगरको खानेपानी सेवा नपुगेका वडाहरुमा बृहत खानेपानी योजना संचालन गर्न खानेपानी तथा सरसफाई मन्त्रालय एवम् सम्बद्ध विभिन्न निकायहरुसंग अनुरोध गर्ने ।

ख. बेलहारामा विमानस्थल निर्माण प्रकृया थालनी गर्न नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसंग बिशेष अनुरोध गर्ने ।

ग. धनकुटा अस्पताललाई सुविधा सम्पन्न बनाई कम्तीमा ५० बेडको अस्पतालको रुपमा विस्तार गरी विशेषज्ञ सेवा व्यवस्थापनका लागि नेपाल सरकार स्वास्थ्य मन्त्रालय लगायतका सम्बद्ध निकायहरुमा अनुरोध गर्ने ।

घ. धनकुटा टुँडिखेललाई राष्ट्रियस्तरका प्रतियोगिताहरु सञ्चालन गर्न आवश्यक पूर्वाधार विकास गर्न युवा तथा खेलकुद मन्त्रालय र सम्बद्ध निकायमा अनुरोध गर्ने ।

ङ. धनकुटा नगरलाई प्रदेश नं. १ को प्रादेशिक राजधानी बनाउन सम्बद्ध पक्षसंग विशेष अनुरोध गर्ने ।

च. धनकुटा खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई संस्थागत विकास एवम् सेवा प्रवाहको लागि आवश्यक सहयोग गर्न खानेपानी तथा सरसफाई मन्त्रालय र सम्बद्ध निकायहरु समक्ष अनुरोध गर्ने ।

छ. नगर क्षेत्रका विभिन्न स्थानहरुमा पर्यटन विकासको लागि नीजि क्षेत्रसंग समन्वय र सहकार्य गर्न प्रकृया अगाडि बढाउने ।

**निर्णय नं. ३**

नगर सभाको प्रथम अधिवेसनको दोश्रो बैठक मिति २०७४ साल भदौ १८ गते दिनको १.०० बजे बस्ने गरी पहिलो बैठक स्थगन गरियो ।







मिति : २०७४ साल भदौ १८ गते
समय : दिनको १.०० बजे
स्थान : नगर कार्यपालिकाको कार्यालय सभा हल
बैठक : धनकुटा नगर सभाको प्रथम अधिवेसनको दोश्रो बैठक
अध्यक्षता : श्री चिन्तन तामाङ, प्रमुख दस्तखत
**उपस्थिति विवरण**

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | उपप्रमुख | श्री शकुन्तला बस्नेत | दस्तखत |
| २ | वडाध्यक्ष | श्री निरेन तामाङ्ग | दस्तखत |
| ३ | वडाध्यक्ष | श्री चन्द्रलाल तामाङ्ग | दस्तखत |
| ४ | वडाध्यक्ष | श्री विकास घिमिरे | दस्तखत |
| ५ | वडाध्यक्ष | श्री जम्सेर राई | दस्तखत |
| ६ | वडाध्यक्ष | श्री धनकुमार राई आठपहरिया | अनुपस्थित |
| ७ | वडाध्यक्ष | श्री नरेश श्रेष्ठ | अनुपस्थित |
| ८ | वडाध्यक्ष | श्री जंगबहादुर राई | दस्तखत |
| ९ | वडाध्यक्ष | श्री सुमन राई | दस्तखत |
| १० | वडाध्यक्ष | श्री मनोज राय | अनुपस्थित |
| ११ | वडाध्यक्ष | श्री कमल बहादुर कार्की | दस्तखत |
| १२ | कार्यपालिका सदस्य | श्री जहानश्वरी राई | दस्तखत |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना राई | दस्तखत |
| १४ | कार्यपालिका सदस्य | श्री रमा बराल | दस्तखत |
| १५ | कार्यपालिका सदस्य | श्री सुलोचना बसेल | दस्तखत |
| १६ | कार्यपालिका सदस्य | श्री कल्पना थापा | दस्तखत |
| १७ | कार्यपालिका सदस्य | श्री मदन बसेल | दस्तखत |
| १८ | कार्यपालिका सदस्य | श्री सूर्य राई | दस्तखत |
| १९ | कार्यपालिका सदस्य | श्री सर्मिता राई | दस्तखत |
| २० | वडा सदस्य | श्री फूलमाया विश्वकर्मा | दस्तखत |
| २१ | वडा सदस्य | श्री लालचन्द्र तामाङ्ग | दस्तखत |
| २२ | वडा सदस्य | श्री द्रौपदा शिवा दर्जी | दस्तखत |
| २३ | वडा सदस्य | श्री टीकाराम मगर | दस्तखत |
| २४ | वडा सदस्य | श्री सन बहादुर राई | दस्तखत |
| २५ | वडा सदस्य | श्री बुद्धमाया लिम्बु | अनुपस्थित |
| २६ | वडा सदस्य | श्री बाबुराम मिश्र | दस्तखत |
| २७ | वडा सदस्य | श्री मेख बहादुर राई | दस्तखत |
| २८ | वडा सदस्य | श्री दुर्गा निरौला अधिकारी | दस्तखत |
| २९ | वडा सदस्य | श्री तुलसा विश्वकर्मा | दस्तखत |
| ३० | वडा सदस्य | श्री होमप्रसाद अधिकारी | दस्तखत |
| ३१ | वडा सदस्य | श्री वीर बहादुर तामाङ्ग | दस्तखत |
| ३२ | वडा सदस्य | श्री सीता श्रेष्ठ | दस्तखत |
| ३३ | वडा सदस्य | श्री अम्बिका परियार नेपाली | दस्तखत |
| ३४ | वडा सदस्य | श्री रोशन श्रेष्ठ | अनुपस्थित |
| ३५ | वडा सदस्य | श्री गोविन्द राई | दस्तखत |
| ३६ | वडा सदस्य | श्री हिरादेवी राई | दस्तखत |
| ३७ | वडा सदस्य | श्री मुना सार्की | दस्तखत |
| ३८ | वडा सदस्य | श्री मिलन कुमार खडगी | दस्तखत |

| | | | |
|---|---|---|---|
| ३९ | वडा सदस्य | श्री वेणुबहादुर बस्नेत | दस्तखत |
| ४० | वडा सदस्य | श्री चन्द्रकुमारी राई | दस्तखत |
| ४१ | वडा सदस्य | श्री शान्त रसाईली | दस्तखत |
| ४२ | वडा सदस्य | श्री सन्देश राई | अनुपस्थित |
| ४३ | वडा सदस्य | श्री रामकुमार डंगोल | दस्तखत |
| ४४ | वडा सदस्य | श्री पूर्णश्वरी राई | दस्तखत |
| ४५ | वडा सदस्य | श्री विश्वलाल राई आठपहरिया | दस्तखत |
| ४६ | वडा सदस्य | श्री सुमित्रा राई | अनुपस्थित |
| ४७ | वडा सदस्य | श्री शान्ति शिवा दर्जी | दस्तखत |
| ४८ | वडा सदस्य | श्री सन्तोषकुमार मगर | दस्तखत |
| ४९ | वडा सदस्य | श्री पूर्ण बहादुर प्रधान | दस्तखत |
| ५० | वडा सदस्य | श्री सुनिता वि.क. | दस्तखत |
| ५१ | वडा सदस्य | श्री चन्द्रबहादुर मगर | दस्तखत |
| ५२ | वडा सदस्य | श्री कुलबहादुर राई | दस्तखत |

**निर्णय नं. १**

नेपालको संविधान बमोजिम स्थानीय शासन व्यवस्थामा जनताको अर्थपूर्ण सहभागिता प्रबर्द्धन गर्दै जनमुखी, सेवामुखी, जनउत्तरदायी, पारदर्शी तथा सुशासनयुक्त स्थानीय शासनको प्रत्याभूति गर्न "धनकुटा नगरपालिकाका पदाधिकारीको आचारसंहिता, २०७४" उपर छलफल गरी सर्वसम्मतिले स्वीकृत गरियो ।

**निर्णय नं. २**

धनकुटा नगर कार्यपालिकाको मिति २०७४।५।१७ को बैठकबाट पदाधिकारी बैठक भत्ता तथा दैनिक भ्रमण भत्ता घरभाडा सम्बन्धी सुविधा, धनकुटा नगरपालिका योजना तथा भवन निर्माण (परिमार्जित) मापदण्ड, २०७४ र नगर यातायात ( परिमार्जित) गुरु योजना, २०७४ सम्बन्धी प्रस्ताव उपर छलफल गरी स्वीकृत गरियो । साथै धनकुटा नगर क्षेत्रमा राजमार्ग सडकको मापदण्ड परिमार्जनको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

"धनकुटा नगरपालिकाका पदाधिकारीको आचारसंहिता, २०७४" को दफा १४ अनुसार कुनै पदाधिकारीले यस आचारसंहिता तथा अन्य प्रचलित संघीय, प्रदेश र स्थानीय कानुन बमोजिम पालन गर्नुपर्ने आचारहरु उल्लंघन गरे, नगरेको सम्वन्धमा जाँचबुझ तथा अनुगमन गर्नका लागि तपसिल बमोजिमको धनकुटा नगरपालिकाका पदाधिकारीको आचारसंहिता अनुगमन समिति गठन गरियो ।

तपसिल :

१. संयोजक श्री कमल बहादुर कार्की
२. सदस्य श्री लालचन्द्र गोडवा
३. सदस्य श्री सिता श्रेष्ठ

**निर्णय नं. ४**

नेपालको संविधानको धारा २१७ अनुसार कानून बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरोपण गर्न धनकुटा नगरपालिकाका उपप्रमुखको संयोजकत्वमा गठन हुने न्यायिक समितिका दुई जना सदस्यहरुमा नगर सभाबाट तपसिलका व्यक्तिहरुलाई निर्वाचित गरियो ।

तपसिल :

१. सदस्य : जम्सेर राई
२. सदस्य : कल्पना राई

**निर्णय नं. ५**

नगर सभाको अधिवेसनमा सहयोग गर्नु हुने सबै प्रति धन्यवाद् ज्ञापन सहित प्रथम अधिवेसन समापन गरियो ।

मिति : २०७४ साल भदौ ५ गते
समय : दिनको १ बजे
स्थान : धनकुटा नगर कार्यपालिकाको कार्यालय

बैठक : धनकुटा नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ को नियम १० बमोजिमानगर कार्यपालिकाको चौथो बैठक

कार्यकारी अधिकृत
उप सचिव

अध्यक्षता : प्रमुख श्री चिन्तन तामाङ्ग दस्तखत

उपस्थिति विवरण :

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | उपप्रमुख | श्री शकुन्तला बस्नेत | दस्तखत |
| २ | वडाध्यक्ष | श्री निरेन तामाङ्ग | दस्तखत |
| ३ | वडाध्यक्ष | श्री चन्द्रलाल तामाङ्ग | दस्तखत |
| ४ | वडाध्यक्ष | श्री विकास घिमिरे | दस्तखत |
| ५ | वडाध्यक्ष | श्री जम्सेर राई | दस्तखत |
| ६ | वडाध्यक्ष | श्री धनकुमार राई आठपहरिया | दस्तखत |
| ७ | वडाध्यक्ष | श्री नरेश श्रेष्ठ | दस्तखत |
| ८ | वडाध्यक्ष | श्री जंगबहादुर राई | दस्तखत |
| ९ | वडाध्यक्ष | श्री सुमन राई | दस्तखत |
| १० | वडाध्यक्ष | श्री मनोज राय | दस्तखत |
| ११ | वडाध्यक्ष | श्री कमल बहादुर कार्की | दस्तखत |
| १२ | कार्यपालिका सदस्य | श्री जहानश्वरी राई | दस्तखत |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना राई | दस्तखत |
| १४ | कार्यपालिका सदस्य | श्री रमा बराल | दस्तखत |
| १५ | कार्यपालिका सदस्य | श्री सुलोचना बसेल | दस्तखत |
| १६ | कार्यपालिका सदस्य | श्री कल्पना थापा | दस्तखत |
| १७ | कार्यपालिका सदस्य | श्री मदन बसेल | दस्तखत |
| १८ | कार्यपालिका सदस्य | श्री सूर्य राई | दस्तखत |
| १९ | कार्यपालिका सदस्य | श्री सर्मिला राई | दस्तखत |
| २० | सचिव | श्री पर्व प्रसाद सापकोटा | दस्तखत |

प्रस्तावहरु :

१. धनकुटा नगरपालिकाको विनियोजन विद्येयक २०७४
२. धनकुटा नगरपालिकाको आर्थिक विद्येयक, २०७४
३. धनकुटा नगर कार्यपालिकाको आर्थिक बर्ष २०७४/७५ को बार्षिक योजना, कार्यक्रम तथा बजेट
४. धनकुटा नगर कार्यपालिकाका विशेष प्रस्तावहरु
५. धनकुटा नगर कार्यपालिकाको आर्थिक बर्ष २०७४/७५ को बार्षिक नीति तथा कार्यक्रम

निर्णय नं. १

धनकुटा नगरपालिकाको आर्थिक बर्ष २०७४/७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिमा छलफल भई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भएको तपसिलको धनकुटा नगरपालिकाको विनियोजन विद्येयक, २०७४ स्वीकृतिका लागि नगर सभाको पहिलो अधिवेसनमा पेश गर्ने निर्णय गरियो ।

# धनकुटा नगरपालिकाको विनियोजन विधेयक, २०७४

धनकुटा नगरपालिकाको आर्थिक वर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

नगर कार्यापालिकाबाटे निर्णय मितिः २०७४।५।०५ गते

**प्रस्तावना:**

धनकुटा नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम धनकुटा नगर कार्यपालिकाले यो विधेयक बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम " धनकुटा नगरपालिकाको विनियोजन विधेयक, २०७४" रहेको छ।

(२) यो विधेयक नगर सभाको अधिवेसनबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०७४/०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०७४/०७५ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४६,१०,४७,०००। (अक्षेरुपी छयालिस करोड दसलाख सड्चालिस हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः

(१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४/०७५ को निमित्त धनकुटा नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान | शीर्षकको नाम | चालु खर्च | पुंजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | ९१७८१ | १५२५०२ | ० | २४४२८३ |
| २ | | वडा समिति | ४५६४ | ५९००० | ० | ६३५६४ |
| ३ | | बिषयगत शाखा ( शिक्षा, स्वास्थ्य, आयूर्वेद) | १४८९०० | | ० | १४८९०० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | २८०० | १५०० | ० | ४३०० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| जम्मा | | | २४८०४५ | २१३००२ | ० | ४६१०४७ |

निर्णय नं. २

धनकुटा नगरपालिका राजश्व परामर्श समितिको मिति २०७४।४।१२ गतेको निर्णय तथा बजेट तथा कार्यक्रम तर्जूमा समितिबाट सिफारिस भई पेश भएको धनकुटा नगरपालिकाको आर्थिक बर्ष २०७४/७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम तपसिल अनुसारको धनकुटा नगरपालिकाको आर्थिक विद्येयक, २०७४ को प्रस्ताव स्वीकृतिका लागि नगर सभाको पहिलो अधिवेसनमा पेश गर्ने निर्णय गरियो ।

## धनकुटा नगरपालिकाको आर्थिक विद्येयक, २०७४

**प्रस्तावना :**

नगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यबस्था गर्न वाञ्छनीय भएकोले ,

नेपालको सविधानको धारा २२८ को उपधारा (२) बमोजिम धनकुटा नगरपालिकाको नगर सभामा पेश गर्ने गरी यो विद्येयक बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो ऐनको नाम **आर्थिक विद्येयक, २०७४** रहेको छ ।

(२) यो विद्येयक नगर सभाबाट स्वीकृत भएपछि धनकुटा नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

**२. सम्पति कर :**

यस नगरपालिका क्षेत्रभित्र अनुसुची (१) बमोजिम एकीकृत सम्पत्तिकर लगाईने र असुल गरिनेछ ।

**३.भूमि कर (मालपोत) :**

यस नगरपालिका क्षेत्रभित्र अनुसुची (२) बमोजिम भूमि कर (मालपोत) लगाईने र असुल गरिनेछ ।

**४.घर बहाल कर :**

यस नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आशिंक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर बहाल कर लगाईने र असुल गरिनेछ ।

**५. व्यबसाय कर :**

यस नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाईने र असुल गरिनेछ ।

**६.जडीबुटी, कवाडी, जीवजन्तु कर :**

यस नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्याँख, छाला जस्ता बस्तुको व्यबसायिक कारोबार गरेबापत अनुसूची (५) बमोजिम कर लगाईने र असुल गरिनेछ ।

**७.सवारी साधन कर :**

यस नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाईने र असुल गरिने छ । तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थमा सोही बमोजिम हुनेछ ।

**८. विज्ञापन कर :**

यस नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाईने र असुल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थमा सोही बमोजिम हुनेछ ।

**९.मनोरन्जन कर :**

यस नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यबसाय सेवामा अनुसुची (८) बमोजिम मनोरन्जन कर लगाईने र असुल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यबस्था भएको अवस्थमा सोही बमोजिम हुनेछ ।

**१०.बहाल बिटौरी शुल्क :**

यस नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसुचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल गरिनेछ ।

**११. पार्किङ शुल्क :**

नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएर बापत अनुसुची (१०) बमोजिम पार्किङ शुल्क लगाईने र असुल गरिनेछ ।

**१२. सेवा शुल्क दस्तुर :**

यस नगरपालिकाले निर्माण, संचालन व्यवस्थापन गरेका अनुसुची (११) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल गरिनेछ ।

**१३. पर्यटन शुल्क :**

यस नगरपालिकाले आफनो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची १२ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यबस्था भएको अवस्थमा सोही बमोजिम हुनेछ ।

**१४. दण्ड जरिवाना र नियमित दस्तर :**

यस नगरपालिकाले आफनो क्षेत्रभित्र नगरपालिकाको स्वीकृत विना निर्माण भएका भौतिक संरचना, घर तथा अन्य भवन, टहराहरुलाई भवन सहिंता, भवन निर्माण मापदण्ड र नपाबाट स्वीकृत माापदण्ड भित्र पर्नेको हकमा नगरपालिकाको निर्णयानुसार नक्सा स्वीकृत गरी नियमित गर्नुपर्ने भएमा अनुसूची १३ मा उल्लेखित दरमा दण्ड, जरिवाना र नियमित दस्तुर लगाईने र असुल गरिनेछ ।

**१५. कर छुट :**

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन् । तत्कालीन स्थानीय निकायको कानून बमोजिम निर्धारण भएका सबै प्रकारका राजस्व वक्यौता रकम, दण्ड जरिवानालाई छुट दिइने छैन । कर छुट र छलीमा संलग्न पदाधिकारीलाई यस्तो छुट र छलीको रकम सरकारी वाँकी सरह सम्वन्धित पदाधिकारीबाट असुल उपर गरिनेछ ।

**१६.कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :**

यो ऐनमा भएको व्यबस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
२०७४

## अनुसुची-१

(ऐनको दफा (२) सँग सम्बन्धित)

**नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने एकीकृत सम्पत्तिकरको दररेट (आ.व. २०७४/७५)**

कार्यकारी अधिकृत
उप सचिव

| क्र.स. | सम्पत्तिको मूल्याङ्कन | | | | एकीकृत सम्पत्तिकर वार्षिक रु. |
|---|---|---|---|---|---|
| १ | १ | देखि | १ लाख २५ हजार | सम्म | २५ |
| २ | १ लाख २५ हजार १ | देखि | १ लाख ५० हजार | सम्म | ३० |
| ३ | १ लाख ५० हजार १ | देखि | १ लाख ७५ हजार | सम्म | ३५ |
| ४ | १ लाख ७५ हजार १ | देखि | २ लाख | सम्म | ४० |
| ५ | २ लाख १ | देखि | २ लाख २५ हजार | सम्म | ४५ |
| ६ | २ लाख २५ हजार १ | देखि | २ लाख ५० हजार | सम्म | ५० |
| ७ | २ लाख ५० हजार १ | देखि | ३ लाख | सम्म | ६० |
| ८ | ३ लाख १ | देखि | ३ लाख ५० हजार | सम्म | ७० |
| ९ | ३ लाख ५० हजार १ | देखि | ४ लाख | सम्म | ८० |
| १० | ४ लाख १ | देखि | ४ लाख ५० हजार | सम्म | ९० |
| ११ | ४ लाख ५० हजार १ | देखि | ५ लाख | सम्म | १०० |
| १२ | ५ लाख १ | देखि | ६ लाख | सम्म | १२० |
| १३ | ६ लाख १ | देखि | ७ लाख | सम्म | १४० |
| १४ | ७ लाख १ | देखि | ८ लाख | सम्म | १६० |
| १५ | ८ लाख १ | देखि | ९ लाख | सम्म | १८० |
| १६ | ९ लाख १ | देखि | १० लाख | सम्म | २०० |
| १७ | १० लाख १ | देखि | १२ लाख | सम्म | २५० |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | १२ लाख १ | देखि | १४ लाख | सम्म | २८० |
| १९ | १४ लाख १ | देखि | १६ लाख | सम्म | ३२० |
| २० | १६ लाख १ | देखि | १८ लाख | सम्म | ३६० |
| २१ | १८ लाख १ | देखि | २० लाख | सम्म | ४०० |
| २२ | २० लाख १ | देखि | २२ लाख | सम्म | ५०० |
| २३ | २२ लाख १ | देखि | २४ लाख | सम्म | ६२५ |
| २४ | २४ लाख १ | देखि | २६ लाख | सम्म | ७५० |
| २५ | २६ लाख १ | देखि | २८ लाख | सम्म | ८७५ |
| २६ | २८ लाख १ | देखि | ३० लाख | सम्म | १००० |
| २७ | ३० लाख १ | देखि | ३४ लाख | सम्म | १२०० |
| २८ | ३४ लाख १ | देखि | ३८ लाख | सम्म | १६५० |
| २९ | ३८ लाख १ | देखि | ४२ लाख | सम्म | २१०० |
| ३० | ४२ लाख १ | देखि | ४६ लाख | सम्म | २५५० |
| ३१ | ४६ लाख १ | देखि | ५० लाख | सम्म | ३००० |
| ३२ | ५० लाख १ | देखि | ६० लाख | सम्म | ३५०० |
| ३३ | ६० लाख १ | देखि | ७० लाख | सम्म | ५१२५ |
| ३४ | ७० लाख १ | देखि | ८० लाख | सम्म | ६७५० |
| ३५ | ८० लाख १ | देखि | ९० लाख | सम्म | ८३७५ |
| ३६ | ९० लाख १ | देखि | १ करोड | सम्म | १०,००० |
| ३७ | १ करोड १ | देखि | १ करोड २० लाख | सम्म | १२००० |
| ३८ | १ करोड २० लाख १ | देखि | १ करोड ४० लाख | सम्म | १४००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३९ | १ करोड ४० लाख १ | देखि | १ करोड ६० लाख | सम्म | १६००० |
| ४० | १ करोड ६० लाख १ | देखि | १ करोड ८० लाख | सम्म | १८००० |
